# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले राज्यको संरचनामा राज्यशक्तिको प्रयोग गर्ने गरी तीन तहको व्यवस्था गरेको छ- संघ, प्रदेश, र स्थानीय तह । यसै प्रकारले स्थानीय सरकार संचालन ऐन २०७४ लागु भएपछि स्थानीय तहहरूमा विकास निर्माण सम्बन्धी कार्यको उत्तरदायित्व र जिम्मेवारी वहन गर्नुपर्ने दायित्व सिर्जना भएको छ । उक्त ऐन अनुसार प्रत्येक गाउँपालिकाले आफनो क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने जरुरी देखिन्छ ।

यो आवधिक योजनाले गाउँपालिका भित्र गरिने सम्पूर्ण क्रियाकलापहरुमा आपसी अन्तरसम्बन्ध कायम गरी पारदर्शी र जवाफदेही तवरबाट विभिन्न विकास साझेदार निकायहरु समेतको समन्वय र सहयोगमा कार्यान्वयन गर्न सहयोग पुर्‍याई स्थानीय नागरिकका मागहरुलाई प्रभावकारी र योजनावद्धरुपमा सम्बोधन गर्ने परिपाटीको विकासमा सहयोग पुग्नेछ ।

छार्का ताङसोङ गाउँपालिका क्षेत्रको सामाजिक तथा आर्थिक विकासका लागि दीर्घकालीन लक्ष्य, उद्देश्य एवं कार्यक्रमहरु निर्धारण गरी तोकिएको अवधिमा निश्चित उपलब्धिहरु हाँसिल गर्नका लागि र स्थानीय सुशासनको सबलीकरण गर्नका लागि आवधिक योजनाको आवश्यकता महशुस गरिएको छ । गाउँपालिकाको आवश्यकताहरुलाई योजनावद्ध रुपमा सम्बोधन गर्न यो आवधिक योजना तयार गरिएकोछ । जिल्ला समन्वय समिति, लागयत यस गाउँपालिकामा कार्यरत सबै सरोकारवालाहरुको सामूहिक प्रयासमा यो ***"आवधिक योजना"*** तर्जुमा गरिएको छ ।

## १.२ गाउँ विकास आवधिक योजना तर्जुमागर्नुका उद्देश्यहरु

आवधिक योजना तयार गर्नुको मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन

- गाउँपालिकामा विकास कार्यहरुका लागि प्राप्त साधन र श्रोतको अधिकतम परिचालन, उपयोग तथा थप श्रोत र साधनहरुको खोजी गर्ने ।
- स्थानीय स्तरमा विकास र निर्माण सम्बन्धी कार्यक्रमहरुमा अन्तर सम्बन्ध स्थापनाका साथै कामगर्ने निकाय/संस्थाहरु बीच समन्वय तथा सहकार्यको प्रवर्द्धन गर्ने ।
- आवधिक योजनाको आधारमा वार्षिक योजनाको तर्जुमा तथा कार्यान्वयन गरी स्थानीय नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्ने कार्यलाई संस्थागत गर्ने ।

## १.३ आवधिक योजनाको तयारी विधि

आवधिक योजनाको निर्माण तीन चरणमा गरिएको छ । तयारी चरण अन्तर्गत स्थानीय तहका सरोकारवाला बिच सम्पर्क, समन्वय र सहकार्य गर्ने विषयमा जिल्ला समन्वय समिति तथा वडा स्तरमा छलफल गरिएको थियो ।

विकास चरणमा गाउँपालिका स्तरमा समावेशी एकिकृत योजना तर्जुमा समितिको गठन तथा त्यसको सुनिश्चितताका साथै समितिका सदस्यहरुलाई क्षमता अभिवृद्धि तालिम दिने, आधारभूत सूचनाहरु सङ्कलन र, विश्लेषणगर्ने, आवश्यकता र अवसरहरु पहिचान एवं प्राथमिकता निर्धारण गरी सूचकमा आधारित दस्तावेज तयार गर्ने कार्य समेत यस चरणमा गरिएको थियो ।

कार्यान्वयन चरणमा यस दस्तावेजलाई गाउँपालिका परिषद्बाट प्रतिवद्धता सहित अनुमोदन गरी यसैको आधारमा वार्षिक योजना निर्माण गरि कार्यान्वयनका लागि निर्माण गरिएको छ । योजनाको प्रभावकारी कार्यान्वयनका साथै अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई पनि स्थानीय स्तरमा स्थापित गरिनुका साथै बार्षिक, मध्यावधि र अन्तिम समीक्षा गरि उपलब्धिहरुको लेखाजोखालाई संस्थागत गर्न गाउँपालिकाको पाँच वर्षको आवधिक योजना निर्माण गरिएको छ ।

गाउँपालिकाको वर्तमान अवस्थाको क्षेत्रगत विश्लेषण गरी आगामी पाँच वर्षभित्र गाउँपालिकालाई कुन अवस्थामा पुर्‍याउने भन्ने दूरदृष्टि, लक्ष्य, उद्देश्य एवं क्षेत्रगत साझा सरोकारका विषयहरुलाई सूचकमा निर्धारण गर आवधिक योजना तयार गरिएको छ । आवधिक योजनाका सूचकहरुलाई आधार मानी गाउँ पालिकाले कार्यक्रमको निरन्तर समीक्षा गर्दै आफ्नो वार्षिक योजना बनाउने परिपाटी अवलम्वन गरी विस्तृत क्रियाकलापका साथै वार्षिक कार्यक्रम बजेट तर्जुमा गरिनेछ ।

## १.४ गाउँ विकास आवधिक योजना तर्जुमा गर्दाका सीमाहरु

आवधिक गाउँपालिका योजनालाई समावेशी, पारदर्शी एवं परिणाममुखी बनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता जुटाउने एवं गाउँपालिकाको विकासलाई सन्तुलित बनाउन सवै क्षेत्रगत विषयका लक्ष्य, उद्देश्य र उपलब्धिका सूचकहरुलाई समावेश गर्ने प्रयास गरिएको थियो । साथै गाउँपालिकामा कार्यरत सबै सरकारी, गैरसरकारी र जिल्ला स्थित विषयगत कार्यालय एवं सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको थियो ।

- गाउँपालिकामा कार्यरत सबै सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु र जिल्ला स्थित विषयगत कार्यालय एवं सरोकारवालाहरुबाट उपलब्ध भए सम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ ।
- गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने प्रकृयामा प्रारम्भिक तथ्याङ्क र सूचना लिने क्रममा केही सूचनाको अनुपलब्धताका कारणले कतिपय सूचकहरु दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् तथा प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएका छन् ।
- यस योजनाको तर्जुमालाई सक्दो समावेशी, सहभागितामूलक बनाउने प्रयास भए तापनि कतिपय सरोकारवालाहरुको कार्य व्यस्तता र समय सीमाको कारणले गर्दा अपेक्षित सहभागिता हुन सकेन ।
- जिल्ला समन्वय समिति (जिसस) र गाउँपालिकाको पार्श्वचित्रमा उल्लेखित सूचना मध्ये कतिपय अधुरा, अपूरा र कतिपय उपलब्ध नभएकोले अन्य श्रोतबाट प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएका छन् ।
- आवधिक योजनामा साधन र श्रोतको लेखाजोखा गर्दा गाउँपालिका बाहेक अन्य निकायहरुको श्रोतको प्रक्षेपण एकिन हुन नसकेकोले अनुमानित बजेट प्रक्षेपण गरिएको छ ।

- केन्द्रीय स्तरको प्रत्यक्ष लगानीबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम बजेट प्रक्षेपणमा समावेश गरिएको छैन ।
- कतिपय सूचना, अवस्था चित्रण र भावी सोंच तथा श्रोत आवश्यकता र अवसर पहिचानका आधारमा राखिएको र जिल्ला तथा गाउँपकलिकाको पार्श्वचित्रमा उल्लेखित सूचनाबीच अन्तरविरोध देखिन सक्छ ।

## २. गाउँपालिकाको परिचय, स्थिति विश्लेषण, सबल पक्ष, सवाल/मुद्दा,अवसर र चुनौतिहरु

### २.१ छार्का गाउँपलिकाको संक्षिप्त परिचय

डोल्पा जिल्लामा रहेका ६ वटा गाउँपालिकाहरु मध्ये छार्कताङसोङ पनि एक हो । यस गाउँपालिकाको पूर्वमा शहरतारा गाउँपालिका, पश्चिममा धो गाउँपालिका, उत्तरमा तिन्जे गाउँपालिका र दक्षिणमा साल्दाङ गाउँपालिका संग सिमाना जोडिएको छ । यो छार्का तथा मुकोट मिलेर छार्का ताङसोङ गाउँपालिका बनेको हो । गाउँपालिका पार्श्वचित्र २०७५ अनुसार यो गाउाँपालिकाको २८२ घरधुरीमा कूल जनसंख्या १४५१ रहेको छ । जातीय रुपमा यस गाउँपालिकामा गुरुङ्ग, जातजातीको बसोबास रहेको छ ।

यस गाउँपालिकाको भुभागको उचाई समुन्द्री सतह देखि ३,६६० देखि ४८७८ मिटरसम्म रहेको छ । तिव्वती सिमामा र हिमाली क्षेत्रको बीचमा रहेको यो उच्च पठार (high Plateau) नेपालको सबैभन्दा सुखा क्षेत्रको रुपमा रहेको छ । यस क्षेत्रका बस्तीहरु संसारकै सबैभन्दा उचाइमा रहेका बस्ती मान्छिन् । यस गाउँपालिकाको क्षेत्र लाई भोट क्षेत्र पनि भनिन्छ ।

### २.२ स्थिति विश्लेषण

**जनसंख्या**

२८२ (जिल्ला पार्श्वचित्र २०६६) घरधुरीमा रहेका कुल जनसंख्या १४५१ मध्ये जन्मेदेखि ३ वर्षसम्म उमेरका १२.६०%, ४ देखि १५वर्ष उमेरका ३२.३९ %, १६ देखि ६० वर्ष उमेरका ५३.१६% र ६० वर्ष देखि माथिका १.८३% रहेको छ । जातीय रुपमा गुरुङ्ग, जात जातीको बसोबास रहेको छ ।

***प्राकृतिक श्रोत, कृषि, वन वातावरण र खाद्य सुरक्षा***

छार्का गाउँपालिकाको कुल क्षेत्रफल १९७० वर्ग किमी रहेको छ । ७९३२३० हे.मध्ये ६०१९६ हे. क्षेत्रफल वनजङ्गल, ३०७९ हे. क्षेत्रफल नदीनाला र १००७ हे. खेतीयोग्य जमिनले ओगटेको छ ।यस गाउँपालिकामा गाईगोरु ५३७, भेडा १२२३, बाखा २५७४, घोडा २३८, खच्चड ६६ र याक ५०८ वटा रहेको छ । यस गाउँपालिकाको ९०% मानिसहरु कृषि पेशाको साथै पशुपालनमा संलग्न छन् तापनि आफ्नो उब्जनीबाट ३ महिना मात्र खान पुग्ने घरधुरी ९०.०१%, ३ देखि ६ खान पुग्ने ७.२४%, ६ देखि

९ महिनासम्म खान पुग्ने १.५३% र ९ देखि १२ महिनासम्म खान पुग्ने ०% रहेको छ । शतप्रतिशत घरधुरीले ज्यालादारी तथा मौसमी रोजगारबाट प्राप्त आयबाट वर्षभरी जीविकोपार्जन गरेका छन् । यस गाउँपालिकाको  औषत उत्पादन ०.२४ टन प्रति हेक्टर देखिएको छ, जुन राष्ट्रिय औषत उत्पादन (२.८ मे.टन/हे.) भन्दा ज्यादै कम देखिन्छ ।कृषि र गैरकृषि जन्य व्यवसाय प्रवर्द्धनका लागि कुनै पनि एग्रोभेट र सेलार स्टोर नभएको देखिन्छ । यस गाउँपालिकामा हाट बजारको आधारभूत पूर्वाधारहरु निर्माण गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकामा स्थानीय स्तरमा उत्पादित कृषि तथा वनजन्य वस्तुले सहज रुपमा बजार पाउने स्थिति देखिन्छ । गाउँपालिकामा बजारको व्यवस्थापन र माग अनुसार उत्पादन पुर्‍याउन उन्नत प्रविधिको विकास गर्नुपर्ने स्थिति रहेको छ ।

गाउँपालिकाभित्र प्राय सवै वडाहरुमा पहिरो जाने गरेको कारण सवै वस्तीहरुका प्राय २८२ घरधुरी भू-क्षय र बाढी पहिरोबाट प्रभावित हुन सक्ने जोखिममा रहने गर्दछन् । गाउँपालिकाका २८२ घरधुरीहरु ११ वटा सामुदायिक वनमा आवद्ध छन् । जलवायु परिवर्तन र त्यसको असर न्यूनिकरण गर्ने संस्थागत एवं विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

***शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई***

छार्का गाउँपालिकामा एउटा पनि बालविकास केन्द्र नभएको, ३ वटा प्रा.वि., एक वटा नि.मा.वि. छन् । जसमा जम्मा ६ (वडा नं २ मा विद्यालय नभएको) वटा भवन र २५ वटा कक्षा कोठा रहेका छन् । ६२.४८% साक्षरता रहेको यस गाउँपालिकामा महिला साक्षरता ६०% छ । स्कूल जाने उमेर समूहका बालबालिकाहरुको भर्ना दर ९४ प्रतिशत देखिए तापनि विद्यालय छाड्ने दर पनि १० प्रतिशत देखिन्छ । विद्यालय छोड्नाका मुख्य कारणहरुमा घरायसी कामकाज र आर्थिक समस्याहरु रहेका छन् । गाउँपालिकामा ६५% जनसंख्यामा एकिकृत स्वास्थ्य सेवा पुगेकाले बाल मृत्युदर प्रति हजारमा ३२ जना र मातृ मृत्यु दर २८ जना देखिन्छ । ८०%आमा र शिशुले खोपको पूर्ण मात्रा प्राप्त गरेको देखिन्छ ।

यसैगरि यस गाविसका ८९ जना महिलाहरुमा पाठेघर खस्ने समस्या रहेको पाईन्छ । यस गाउँपालिकाका जनताहरुको स्वास्थ्य सेवाको पहुँच औषत ३ घण्टाको समय लाग्ने भए तापनि थप तालिम प्राप्त स्वास्थ्यकर्मी, औषधी, उपकरण एवं भौतिक पूर्वाधार आदिको अभावले समयमा स्वाथ्य सेवा उपलब्धतामा बाधा परेको देखिन्छ ।

गाउँपालिकामा १२० जना कुपोषित जनसंख्या देखिन्छ । पाइपद्वारा वितरित खानेपानी ५० (२.३८%) घरधुरीले पाएका छन् भने २% घरधुरीले शौचालय प्रयोग गर्ने गरेका छन् । व्यक्तिगत शौचालमा गाउँपालिकाका जनताको पूर्ण पहुँच देखिएता पनि सरसफाईलाई दीगो राख्नुका साथै वातावरणीय सरसफाईका लागि गाउँपालिकामा सार्वजनिक शौचालयको थप निर्माण र व्यवस्थापन गरी सरसफाईमा सुधार गर्नुपर्ने देखिन्छ ।

### *भौतिक तथा सामाजिक पूर्वाधार*

यस गाउँपालिकामा कुनै पनि सडक निर्माणाधिन अवस्थामा रहेको छैन । यस गाउँपालिकामा चार वटा झोलुङ्गे पुल निर्माण भएका छन् । ३ वटा आधारभुत विद्यालयमा १२ वटा कक्षाकोठा मर्मत गर्नुपर्ने अवस्थामा रहेको छ । स्वास्थ्य चौकीको भवन नभएको र यस गाउँपालिकामा सामुदायिक भवन छैन ।

### *जलश्रोत, विद्युत, नविकरणीय उर्जा र सञ्चार*

यस गाउँपालिकामा तेराङ्ग, सामिक खोला, ढाकमिथु र धराङ्ग, सिवसुवा जस्ता खोलाहरु रहेका छन् । खेतीयोग्य जमिन मध्ये २ वटा स-साना र परम्परागत सिंचाई कुलोबाट जम्मा १५ हेक्टरमा मात्र मौसमी सिंचाई सुविधा पुगेको छ । यस गाउँपालिकामा कुनै पनि जल विद्युत नभएकाले २८२ घरधुरीले नविकरणीय उर्जा सोलार प्रयोग गरिरहेका छन् । यस गाउँपालिकाका सबै घरधुरीले मोबाईल सुबिधा प्रयोग गर्ने गरेको भएतापनि रेडियो, एफ्.एम्. जस्ता सञ्चारको पहुँच यस गाउँपालिकामा पुग्न सकेको छैन ।

### *सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था*

यस गाउँपालिकाको सम्पूर्ण जसो उत्तरी भाग यस क्षेत्रमा पर्दछ । यस भुभागको उचाई समुन्द्री सतह देखि ३,६६० देखि ४८७८ मिटरसम्म रहेको छ । तिव्वती सिमामा र हिमाली क्षेत्रको बीचमा रहेको यो उच्च पठार (high Plateau) नेपालको सबैभन्दा सुखा क्षेत्रको रुपमा रहेको छ । यस क्षेत्रका बस्तीहरु संसारकै सबैभन्दा उचाइमा रहेका बस्ती मान्छिन् । यस गाउँपालिकाको क्षेत्र लाई भोट क्षेत्र पनि भनिन्छ । यस गाउँपालिकामा १००% गुरुङ्ग समुदायको बसोबास रहेको छ । यस गाउँपालिकामा धामीझाँक्री प्रथा, अन्धविश्वास जस्ता सामाजिक कुरितीहरु यस गाउँपालिकामा अँझै विद्यमान छन् । यस गाउँपालिकाको सामाजिक रितिरिवाज र चाड पर्वमो ल्होसार,बुद्ध पुर्णिमा आदि रहेका छन् । धर्मको आधारमा जनसंख्यालाई बर्गीकरण गर्दा सबैभन्दा बढी बौद्ध धर्मावलम्बी रहेका छन् । २०५८ सालको जनगणनासंग तुलना गर्दा हिन्दुहरुको संख्या बढेको र बौद्ध धर्माबलम्बीहरुको संख्या घटेको पाइन्छ ।

यस गाउँपालिकामा ९७.२५% परिवार गरीबीको रेखामुनी रहेका छन् भन फरक क्षमता भएका व्यक्तिहरु हाल ३६ जना रहेका छन् । यस गाउँपालिकामा गुम्बा एवं धार्मिक महत्वका स्थानहरु रहेका छन् ।

### *सुशासन एवं संस्थागत विकास*

छार्का गाउँपालिकामा विगतदेखि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था (रुमटूरिड र छाया, लामाहरु) हरुले काम गर्दै आएका छन् । हाल स्थानीय निकाय जि.वि.स र गाउँपालिकाको सहकार्यमा कृषि, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका क्षेत्रमा काम गरिरहेका छन् । गाउँपालिकाको समग्र सेवा प्रवाहको स्थिति, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी, पारदर्शिता, जवाफदेहिता, सामाजिक तथा लैंगिक परिक्षण, वार्षिक लेखापरिक्षण गर्ने, एकिकृत योजना तर्जुमा समिति तथा अन्य समितिहरुको नियमित वैठक, कार्यक्रम र वजेटको सार्वजनिकीकरण जस्ता कुराहरु खासै संस्थागत हुन

नसकेको स्थिति छ । कार्यक्रमहरुमा विकास साझेदार संस्था (सहकारी, बाल क्लव, महिला समूह, पिछडिएका वर्ग, नागरिक सचेतना केन्द्र, वन उपभोक्ता समितिहरु) को उल्लेख्य सहभागिता हुन सकेको छैन ।

गाउँपालिकाको नेतृत्वमा आवधिक योजना निर्माण गर्ने जस्ता कार्यहरुमा सहयोग भईरहेको छ । छार्का गाउँपालिकाको कार्यदक्षता र सुशासनको क्षेत्रलाई सार्थक पार्न गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन, वार्षिक समीक्षा, सार्वजनिक सुनुवाई, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा विशेष जोड दिनुपर्ने देखिन्छ । गाउँ विकास आवधिक योजनाले क्षेत्रगत योजनाहरुको कार्यान्वयनसँगै यस गाउँपालिकामा सुशासन प्रवर्द्धनमो कोशे ढुङ्गाको रुपमा काम गर्ने अनुमान गर्न सकिन्छ ।

२.३ सबल पक्ष, सवाल/मुद्दा, अवसर र चुनौति (विश्लेषण)

***सबल पक्ष***

- जिल्लालाई कर्णाली क्षेत्रको मान्यता र सुविधा रहेको ।
- जडिबुटीको राम्रो उपलव्धता ।
- बाटो खन्न डोजर खरिद गरिएको ।
- पानीको श्रोतहरुको उल्लेख्य उपलब्धता ।
- खाद्यान्न (जुवा) र पशुपालन (चौरी गाई, याक, भेडाच्याग्र) को लागि अनुकुल हावापानी ।
- आधारभुत शिक्षा कार्यक्रम अन्तर्गत प्राथमिकतहसम्मको अध्ययन कार्यान्वयन ।
- आवधिक योजना निर्माणाधिन अवस्थामा रहेको ।

***<u>मुख्य सवाल/मुद्दाहरु, अवसर र चुनौतिहरु:</u>***

| क.स | विषयगत क्षेत्रहरु | मुख्य सवाल/मुद्दाहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | | | |
| *1.1* | *कृषि* | • परम्परागत खेती प्रणाली<br>• स्याउ, आलु, जडिबुटी र तरकारी उत्पादन अभाव<br>• कृषकहरुमा क्षमता विकासको कमी<br>• उन्नत बीउबिजनको कमी<br>• व्यवसायिक खेती विस्तारको कमी<br>• नयाँ कृषि प्रविधिको कमी<br>• सिंचाईको कमी<br>• कृषि प्रसार सेवा र सामग्रीहरुको कमी<br>• मल खाडलको व्यवस्थापनमा कमी | • पानीका श्रोतहरुको उपलब्धता<br>• पशुपालनका लागि पर्याप्त चरन क्षेत्र रहेको ।<br>• पशुपालनका लागि हावापानी अनुकुल रहेको । | • कृषिमा आधुनिकीकरण अभाव ।<br>• बजारमा सिमित पहुँच ।<br>• आधुनिक प्रबिधि अनुकुल सिपको अभाव ।<br>• आर्थिक स्रोतको अभाव । |

| | | | | |
|---|---|---|---|---|
| | | ● परम्परागत पशुपालनको अवस्था स्रोतको अभावमा हावापानी अनुकुल भएपनि पशुपालन हुन नसकेको । | | |
| १.२ | गैरकृषिमा आधारित (सीप तथा रोजगारी) | ● बेरोजगारी, घरेलु उद्योगको स्थापना हुन नसक्नु<br>● गैर कृषि प्रविधि सम्बन्धी जनशक्तिको अभाव<br>● सहकारी सम्बन्धी ज्ञानको अभाव<br>● परम्परागत सीपको स्तर वृद्धि हुन नसक्नु<br>● सडक सञ्जाल जोडिनकालागि भौगोलिक विकटता<br>● घरेलु सीपहरु समुदायमा निर्वाहमुखि एवं परम्परागत सिपमा आधारित रहेका | ●कच्चा पदार्थ ( ..... ) को उपलब्धता<br>●प्रसस्त जडिबुटीको उपलब्धता | ●श्रोतको अपर्याप्तता<br>●आर्थिक स्रोतको अभाव<br>●आधुनिक प्रबिधि अनुसारको सिपको कमि |
| १.३ | वन तथा वातावरण | ● छाडा चरीचरन<br>● वृक्षारोपणको अभाव एवं अनियन्त्रित<br>● वन फँडानी<br>● चेतनाको अभाव<br>● वातावरण संरक्षणका क्रियाकलापहरुको कमी (वृक्षा रोपण, भू-क्षय)<br>● वन क्षेत्रको संरक्षण एवं सम्वर्द्धनमा कमी,<br>● जडिबुटीहरुको अनियन्त्रित र अव्यवस्थित सङ्कलन | ●वन संरक्षणका लागि राष्ट्रिय नीति<br>●गाविसमा ११ वटा सामुदायिक र २८ वटा कबुलियती वन भएको<br>●वन विकास कार्यक्रम प्रति संघसंस्था तथा स्थानीय निकायहरुको क्रियाशिलता<br>●सामुदायिक वनको अभ्यास | ●नीतिगत पारदर्शिता एवं कार्यान्वयको अभाव<br>●वन क्षेत्रको अतिक्रमण<br>●शिक्षाको पूर्वाधार तथा गुणस्तरतमा कमी<br>●आर्थिक स्रोत, वजार एवं तालिमको अभाव |
| २ | सामाजिक विकास | | | |
| २.१ | शिक्षा | ● विद्यालय भवन तथा कक्षा कोठाहरुको कमी र घेरवारको कमी<br>● अशिक्षा/अज्ञानताका कारण विद्यालय व्यवस्थापन समिति सक्षम नहुनु<br>● विद्यालयमा पर्याप्त विषयगत शिक्षकको कमी<br>● व्यवस्थित कक्षाकोठा, फर्निचर, स्वच्छ खानेपानी तथा शौचालयको कमी<br>● विद्यालयमा विज्ञान प्रयोगशालाको | ●विद्यालय सुधार कार्यक्रम<br>●शिक्षाको नीतिमा अनुगमन संयन्त्रको व्यवस्था<br>●बालमैत्री स्थानीय शासन<br>● शिक्षा क्षेत्रमा लगानी वृद्धि<br>●शिक्षा प्रति नागरिकहरुको | ●श्रोतको अपर्याप्तता<br>●शिक्षा नीति कार्यान्वयमा राजनीतिक हस्तक्षेप<br>●शैक्षिक चेतनाको अभाव भौगोलिक बिकटता<br>●नेपाल सरकारको शैक्षिक नीति |

| | | | | |
|---|---|---|---|---|
| | | कमी<br>● पूर्ण बालमैत्री विद्यालय नभएको अवस्था<br>● बिद्यालयमा आर्थिक भौतिक शैक्षिक र शिक्षक दरबन्दिको कमि | चेतनामा वृद्धि<br>● ४० जना बिद्यार्थी बराबर एक जना शिक्षक हुनु पर्ने राज्यको नीति | कार्यान्वयनमा ढिलाइ<br>● बिद्यालयमा शिक्षक कोटाको अभाव |
| २.२ | स्वास्थ्य | ● व्यक्तिगत सरसफाई र फोहोर व्यवस्थापनको कमी<br>● भूगोल र जनसंख्याको आधारमा स्वास्थ्य संस्थाहरु नहुनु<br>● प्रजनन स्वास्थ्य परामर्श एवं शिक्षाको कमी<br>● महिलाहरुको पाठेघर खस्ने समस्या<br>● पानीजन्य रोगहरुको समस्या<br>● प्रसुति गृह भवन/उपकरणको अभाव<br>● गुणस्तरीय र पर्याप्त औषधी र सामग्रीहरुको अभाव<br>● स्वास्थ्यकर्मी/सामग्रीहरुको अभाव<br>● स्ट्रेचरको अभाव<br>● छोरा र छोरी विचको भेदभाव कायमै<br>● पोषणयूक्त खानाको अभाव | ● स्वास्थ्य क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको लगानीमा वृद्धि<br>● राज्यको लक्षित केन्द्रित क्रियाकलापहरु संचालन<br>● नीजी स्वास्थ्य संस्थो सेवामा खुलेको | ● रोगको महामारी<br>● सरकारले गाउँमा वितरण गर्ने औषधीको गुणस्तर<br>● आर्थिक अभाव<br>● स्वाश्थ्य सम्बधि बानि ब्यवहार र चेतनाको कमि<br>● पानीको स्रोत वरिपरी फोहर ब्यवस्थापनमा कमि |
| २.३ | दलित,महिला, अपाङ्ग, असहाय, वृद्ध | ● जातीय तथा लैङ्गिक विभेद<br>● स्थानीय सीप प्रवर्द्धनमा अभाव<br>● लक्षित वग क्षमता विकासको अभाव<br>● प्रजनन् स्वास्थ्य, छाउपडि तथा पाठेघर खस्ने समस्या<br>● फरक क्षमता(अपाङ्ग), असहाय र वृद्ध लक्षित कार्यक्रमहरु कार्यान्वयनको कमी<br>● सामुदायिक पूर्वाधारको कमी | ● लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति<br>● सामाजिक सुरक्षा नीति | ● स्थानीय तहमा नीतिहरुको कार्यान्वयन तथा अनुगमनको अभाव<br>● राजनीतिक हस्तक्षेप |
| | बालबालिका | ● बाल विकास कोषको स्थापना नभएको<br>● बालमैत्री सुशासन कार्यक्रमहरु कार्यान्वयनको कमी<br>● बालबालिका केन्द्रित योजना नभएको<br>● बालविवाह अपवादमा कायमै रहेको | ● सरकारको बालबालिकाको स्पष्ट नीति भएका | ● परम्परागत सोच कायम |
| २.४ | सामुदायिक | ● चेतनाको कमी | ● दातृ निकायहरुको | ● सामुदायिक |

| | | | | |
|---|---|---|---|---|
| | पूर्वाधार | ● सडक सञ्जाल जोडिनकालागि भौगोलिक विकटता<br>● विद्यालय भवनहरुको अवस्था जीर्ण रहेको<br>● सार्वजनिक शौचालयको कमी<br>● सामुदायिक भवनको कमी<br>● गाउँमा सिचाई, खानेपानीको समस्या तथा अभाव | ग्रामीण क्षेत्रमा काम गर्ने चासो बढिरहेको अवस्था (रुमटू रिड, छाया नाम संस्थाले विद्यालयमा सहयोग गरेको) | भवनको संरक्षण व्यवस्थापन कमी<br>● स्रोत परिचालन ब्यवस्थित हुनुपर्ने<br>● सामाजिक चासो र अपनत्वको भावनामा कमि |
| ३ | जलश्रोत विकास तथा विद्युतिकरण | | | |
| ३.१ | जलश्रोत विकास | ● खानेपानीको अभाव<br>● पानीका धारा न्यून र जीर्ण<br>● योजनाको मर्मत सम्भार नभएको<br>● सिंचाईको कमी<br>● सरसफाई क्रियाकलापको कमी<br>● सिंचाई योजनाहरुको मर्मत सम्भारको कमी<br>● ढल निकासको समस्या<br>● योजनाहरुमा मर्मत संभार कोषको अभाव<br>● आधुनिक घट्टको अभाव | ● पानीका श्रोतहरुको उपलब्धता | ● जलवायु परिवर्तन |
| ३.२ | विद्युत | ● यस गाउँमा विद्युतको समस्या भएको<br>● भौगोलिक विकटता | ● नविकरणीय उर्जा बिस्तार अनुदान नीति (सवै घरधुरीमा सोलार वितरण) | ● जलवायु परिवर्तन<br>● ठूलो आयोजनाको लागि श्रोतको अभाव |
| ३.३ | सूचा एवं संचार | ● सर्वसुलभ ढङ्गले रेडियो सुन्न नसकिनु<br>● राष्ट्रिय पत्रपत्रिकाहरुमा पहुँच छैन<br>● टेलिफोन टावरको समस्या | ● नेपाल टेलिकमको क्षमता बिस्तार प्रक्रिया रहेको | ● विद्युत आपूर्ती<br>● श्रोतको अपर्याप्तता |
| ४ | यातायात तथा सामुदायिक पूर्वाधार विकास क्षेत्र | | | |
| ४.१ | सडक तथा झो.पु. | ● गाउँमा ग्रामीण सडक निर्माण नभएको<br>● झोलुङ्गे पुलको समस्या तथा काठे पुल जीर्ण अवस्थामा रहेको | ● सरकारी लगानीका लागि प्राथमिकता क्षेत्र<br>● स्थानीय श्रोत साधनहरुको उपयोग | ● भौगैलिक विकटता<br>● श्रोतको अपर्याप्तता |
| ५ | संस्थागत सुशासन तथा अन्य | | | |
| | सुशासन | ● गाउँपालिकामा अनुगमन सञ्जाल कमजोर भएको<br>● योजनामा पारदर्शी रुपमा मूल्याङ्कन | ● आवधिक योजना बनिरहेको अवस्था<br>● | ● गाउँपालिकाका वडाहरुमा पारदर्शीताका |

| | | | | |
|---|---|---|---|---|
| | | नहुनु<br>● गाउँपालिकामा उपभोक्ता समितिलाई तालिम नहुनु<br>● योजनाहरुको सार्वजनिक सुनुवाई र लेखापरीक्षणको कमी<br>● लक्षित समुदायको योजना छनौट तथा कार्यान्वयन प्रक्रियामा पहुँचको अभाव<br>● गाउँपालिकामा क्षमता विकासका क्रियाकलापहरुको कमी<br>● गाउँपालिकाको नागरिक वडापत्र नहुनु<br>● योजनाहरुको लागत वोर्डको अभाव<br>● योजना छनौटमा संरचना अनुसारको लागतको कमी<br>● गाउँपालिकामा अपाङ्ग परिचय पत्रको प्रभावकारी वितरण नभएको र बृद्धाश्रमको कमी छ ।<br>● सूचना पाटीको अभाव | | बारेमा सचेतनाका क्रियाकलापहरु सञ्चालन नभएको । |

## ३. दीर्घकालीन सोंच, लक्ष्य, विषयगत उद्देश्य, रणनीति र सूचकहरु

### ३.१ दीर्घकालीन सोंच

"आधारभुत आवश्यकतामा सुगमता
परिश्रमी, आत्मनिर्भर छार्का ताङसोङ गाउँपालिका"

### ३.२ लक्ष्य

आर्थिक, सामाजिक तथा सामुदायिक पूर्वाधारमा विकास सङ्गै स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्दै समुन्नत सुशासनयुक्त छार्का ताङसोङ गाउँपालिकाको निर्माण गर्ने ।

### ३.३ विषयगत उद्देश्यहरु

क) आर्थिक विकासका लागि, वाताबरण अनुकूल बालीहरु एवं गैरकाष्ठ वन पैदावारको खेती प्रणालीको बिकास एवं पशुपालनमा विकास गरी कृषकहरुको आय आर्जमा टेवा पुऱ्याउने ।

ख) सामुदायिक पूर्वाधार र गुणस्तरीय शिक्षा, स्वास्थ्य सरसफाइका क्रियालापहरुमा समुदायको पहुँच बृद्धिगर्ने ।

ग) स्थानीय साधन श्रोत र श्रमको संरक्षण र प्रयोग गर्दै खानेपानी, सञ्चार, विद्युत र सिंचाईका अवसरवाट समुदायहरुको पहुँच बिस्तार गर्ने ।

घ) सडक सञ्जालको विकास र विस्तार गरी स्थानीय उत्पादनको बजारीकरण गर्नुका साथै भौतिक क्षेत्रका आयोजनाहरुमा लक्षित समुदायको अर्थपूर्ण सहभागितामा बृद्धि गर्ने ।

ङ) गाउँपालिकामा सामाजिक समावेशीकरण, लैङ्गिक समानता, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित गर्ने ।

**३.४ गाउँपलिकाका रणनीतिहरु**

आवधिक योजनाद्वारा परिलक्षित लक्ष्य, उद्देश्य तथा उपलब्धी सूचकको परिणाम प्राप्तिका लागि निम्न रणनीति अवलम्वन गरिनेछ :

क) यस गाउँ पालिकाको आवधिक योजना तयार गर्दा यस पालिकाको आफ्नो मात्र श्रोतलाई नहेरी गाउँपालिकामा आउने सम्पूर्ण सरकारी तथा गैह्रसरकारी श्रोतलाई समेत हेरिएको हुँदा यस गाउँपालिकामा काम गर्ने सम्पूर्ण सरकारी, गैरसरकारी एवं निजी क्षेत्रका निकायहरुले यस आवधिक योजनाको भावना र उद्देश्य र लक्ष्य अनुसार कार्य गर्नुपर्ने व्यवस्था मिलाईनेछ । त्यसैले स्थानीयस्तरमा कार्यरत सबै सरकारी, गैरसरकारी, निजी एवं सामुदायिक सेवा प्रदायकहरुसँग कार्य सञ्जाल निर्माण, सुदृढिकरण र अन्तरसम्बन्ध स्थापित गरी एकिकृत सेवा प्रवाहद्वारा नागरिकका माग सम्बोधन गरिनेछ । सार्वजनिक, निजी, साझेदारीलाई प्राथमिकता दिइनेछ ।

ख) आवधिक योजनाका उद्देश्य एवं उपलब्धि प्राप्तिको लागि वार्षिक रुपमा सहभागितात्मक र समावेशी रुपमा वार्षिक योजना, कार्यक्रम, बजेट तर्जुमा, कार्यान्वयन एवं अनुगमन गर्ने संस्थागत व्यवस्था र परिपाटी विकास गरिनेछ ।

ग) स्थानीय स्तरका माग एवं आपूर्ति पक्ष र सरोकारवालाहरुको क्षमता अभिवृद्धि एवं सशक्तिकरण गरिने छ ।

घ) गाउँपालिका स्तरमा रहेका महिला, अति विपन्न, अल्पसंख्यक तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्ने र छुट्याइएको अनुदान एवं विषयगत क्षेत्रहरुबाट प्रवाह हुन सक्ने सेवा, सुविधामा पहुँच अभिवृद्धि गरिनेछ । लैङ्गिक, वातावरण, बालमैत्री क्रियाकलापलाई संस्थागत गरिनेछ ।

ङ) सुशासनका सबै मान्य औजारहरु (Tools) को प्रयोगबाट पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गरी विकास कार्यक्रमहरुमा हुने पदिय अधिकारको दुरुपयोग तथा आर्थिक अनियमितता न्यूनिकरण गरिनेछ ।

च) विकास कार्यमा आधुनिक प्रविधिको प्रयोग गरी जिल्ला स्तरीय सञ्जालसँग आवद्ध गरिनेछ ।

छ) स्थानीय सीप, श्रोत, प्रविधीमा आवश्यक क्षमता अभिवृद्धि गरी तिनको परिचालन गरिनेछ ।

ज) सामुदायिक पूर्वाधार निर्माणको नीति अवलम्वन गरी कार्यान्वयनमा ल्याईनेछ ।

झ) अन्तरस्थानीय निकाय, अन्तर गाउँपालिकाको समन्वयको माध्यमबाट पूर्वाधार, प्राकृतिक स्रोत, बजार, प्राविधिक जनशक्ति एवं अनुभव आदान-प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

ञ) गाउँपालिका स्तरमा योजना सञ्चालन कार्य तालिका बनाई सञ्चालित योजना समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाउनुका साथै सबै सरोकारवाला सेवा प्रदायकको जिम्मेवारी तालिका बनाइने छ र कार्यान्वयन योजनासँग संलग्न गरिनेछ ।

ट) यातायात सुविधालाई सर्वसूलभ बनाउन प्राप्त साधन र स्रोतको परिचालन गर्दै स्थानीय सडक निर्माण, मर्मत सम्भार र झोलुङ्गे पुल निर्माण जस्ता कार्यमा जनसहभागिता परिचालन गरिनेछ ।

ठ) सिंचाई, खानेपानी र विद्युतका लागि पानीका वैकल्पिक श्रोतहरु पहिचान गरि प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।

ड) लक्षित वर्ग केन्द्रित स्थानीय श्रोतको परिचालन र प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।

ढ) स्थानीय उत्पादनलाई बढाउँदै खाद्यान्नको आपूर्तिलाइ क्रमशः घटाउदै लगिने छ र खाना बनाउने सीप र खाने व्यवहारमा परिवर्तन ल्याउन विकास साझेदार संस्थाहरुसँग समन्वय गरिनेछ ।

ण) खाद्य असुरक्षा भएका क्षेत्रका स्थानीय समुदायलाई पूर्वाधार एवं विकास कार्यमा संलग्न गराई रोजगारी सिर्जना गर्ने कार्यको लागि अन्तरसंस्था समन्वय गरी कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

त) छार्का गाउँपालिकालाई वि.सं २०७९ भित्र धुँवा रहित गाउँपालिका घोषणा गरिनेछ ।

थ) एक गाउँ एक उत्पादनलाई व्यवस्थित गर्नकालागि प्रत्येक वडालाई बाली पकेट क्षेत्र निर्धारण गरी व्यवसायिक खेतीको विकास गर्दै खाद्य सुरक्षाको प्रत्याभूति गरिनेछ ।

द) सामुदायिक वन र कबुलियती वनको संरक्षण सम्वर्धन एवं विकास गर्नकालागि वातावरणीय शिक्षा संचालन र छाडा चरिचरन र डढेलो नियन्त्रणका लागि विशेष कार्यनीति कार्यान्वयन गरिनेछ ।

ध) गाउँपालिकामा सरसफाई योजना बनाई संचालन गरिनेछ ।

## ३.५ विषयगत सूचकहरु

***गाउँपालिकाको जम्मा घरधुरी संख्या: २८२ घरधुरी (जनसंख्या : १४५१)***

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ बर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकह | पुष्ट्याई | जोखिम पक्ष |
| १ आर्थिक विकास क्षेत्र | | | | |
| उद्देश्य: आर्थिक विकासका लागि, वाताबरण अनुकुल बालीहरु एवं गैरकाष्ठ वन पैदावारको खेती प्रणालीको बिकास गरी कृषकहरुको आयआर्जमा टेवा पुऱ्याउने । | | | | |
| १.१ कृषिमा आधारित | | | | |
| उत्पादन र उत्पादकत्व वृद्धि | आलु : ५ मे.टन<br>जुवा : ५ मे.टन<br>तरकारी : निर्वाहमुखी<br><br>खाधान्न उत्पादन निर्वाहमुखी ३ महिनाभन्दा कम खान पुग्ने देखिन्छ । | व्यवसायिक र बेमौसमी खेती<br>• आलु: १० मे.टन<br>• जुवा १० मे.टन<br>• ताजा तरकारी: (५%ले उत्पादन वृद्धि गर्ने)<br>• २०० घरधुरी किसानहरुले व्यवसायिक रुपमा आलु, तरकारी खेती गरी आम्दानीमा वृद्धि गरेका हुनेछन् ।<br>• ८२ घरधुरी किसानहरुले मसलाबाली खेती प्रवर्द्धन गरी आम्दानीमा वृद्धि गरेका हुनेछन् । | • जिल्ला कृषि विकास कार्यालय., संघ संस्थाहरुको प्रतिवेदन<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | • जलवायु परिवर्तन खडेरी,पहिरो)<br>• श्रोतको अभाव |
| बजार प्रवर्द्धन | सहकारी: छैन<br>• एग्रोभेट: छैन<br>• सङ्कलन केन्द्र: छैन<br>• हाट बजार: छैन | सहकारीको क्षमता विकास गरी एक गाउँ एक सहकारीको विकास भएको हुनेछ ।<br>• गाउँको पायक पर्ने स्थानहरुमा दुई वटा कृषि तथा गैरकृषि उपज सङ्कलन केन्द्रको स्थापना भई जिल्ला तथा क्षेत्रीय बजार सञ्जालमा आवद्ध भएको हुनेछन ।<br>• दुईवटा एग्रोभेट स्थापना गरी २८२ घरधुरीले त्यसवाट नियमित सेवा प्राप्त गरेका हुनेछन् । | • कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | श्रोतको अभाव |
| सेवा र प्रविधि | • हाल स्थानीय श्रोत व्यक्ति ६८ जना रहेको तर उनीहरुमा क्षमता विकासको अवसरको कमी<br>• सामाजिक परिचालक १३ जना<br>• बजार व्यवस्थापन:छैन<br>• सूचनाको पहुँच पर्याप्त नभएको | • गाउँपालिकामा भएका ६८ जना स्थानीय श्रोत व्यक्तिहरुको क्षमता विकास भई उनीहरुवाट २८२ घरधुरीले नियमित रुपमा कृषि प्रसार सेवा प्राप्त गरेका हुनेछन् ।<br>• २८२ घरधुरीले गोठ सुधार गरी, कम्पोष्ट तथा जैविक विषादीको समेत प्रवर्द्धन गरेका हुनेछन् ।<br>• ७०० जना कृषकहरुले व्यवसायिक कृषि सम्बन्धी क्षमता विकास तालिम प्राप्त गरी कृषि प्रसारमा टेवा पुऱ्याएका | • जिल्ला कृषि विकास कार्यालय, संघ संस्थाहरुको प्रतिवेदन<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | श्रोतको अभाव |

| | | | | |
|---|---|---|---|---|
| | • २८२ घरपरिवारहरुले परम्परागत गोठ बनाएको । | हुनेछन् ।<br>• ५५० जना कृषकहरुको व्यवसायिक योजना तयार भई योजना अनुसार उत्पादन भएको हुनेछ । | | |
| पशु/पंक्षी | • घोडा : २८ वटा<br>• भेंडा बाख्रा : ७१४ वटा<br>• चौरी गाई : ७२४ वटा (परम्परागत) | नश्ल सुधारकालागि ११४ वटा उन्नत याक चौरी गाईको प्रवर्द्धन गर्ने ।<br>• मासु अण्डा, दुध उत्पादन २०% ले वृद्धि भएको हुनेछ ।<br>• २०० घरधुरीले उन्नत जातका पशु/पंक्षी पालन गरी प्रति घर परिवार वार्षिक ५०,००० हजार बराबर आम्दानीमा गरेका हुनेछन् । | • जिल्ला पशु सेवा कार्यालय, संघ संस्थाहरुको प्रतिवेदन<br>• कार्य सम्पन्न प्रतिवेदन | श्रोतको अभाव<br>• पर्याप्त चरिचरनको अभाव<br>• पशुरोग र महामारी |
| १.२ कृषि तथा गैरकृषिमा आधारित सीप एवं रोजगार | | | | |
| | • शौचालय मिस्त्री : छैन<br>• सुधारिएको चुलो : छैन<br>• घरेलु, लघु उद्यम :छैन<br>• हस्तकला : छैन<br>• वनजन्य उद्योग : छैन<br>• कृषिजन्य उद्योग : छैन<br>• मौसमी बसाईसराई : ७६५ जना | • सीपको स्तरोन्नति र व्यवस्थापन भई सञ्चालनमा आएका हुनेछन् । यस कार्यमा संलग्न प्रत्येक घरधुरीको २०००० हजार वार्षिक आम्दानी भएको हुनेछ ।<br>• गाउँ भरी १५० जनाले सिकर्मी/डकर्मी तथा अन्य सीप मुलक तालिम र ५० जना महिलाले -किटिक, व्याग, राडीपाखी बुन्ने तालिम प्राप्त गरी रोजगारी प्राप्त गरेका हुनेछन् ।<br>• गाउँपालिकाका ३५ वटा सुधारिएको चुलोको स्तर उन्नती र बाँकि थप १०६९ घरधुरीलाई सुधारिएको चुलो निर्माण सम्वन्धि तालिम संचालन भई ११०४ वटा सुधारिएको चुलो गाउँपालिकामा प्रयोगमा आएका हुनेछन् । | • गाउँपालिकाको रेकर्ड, जिल्ला वन कार्यालय, विभिन्न संघ संस्थाहरुको प्रतिवेदन | • श्रोतको अभाव |
| १.३ वन तथा वातावरण | | | • | |
| काष्ठजन्य | • वन क्षेत्रले ओगटेको क्षेत्र १८ हेक्टर<br>• सामुदायिक वन: ११ वटा<br>• कवुलियती वन : २८ वटा | • ३९ वटा ( ११ सामुदायिक, २८ वटा कवुलियत वन) को विकास र विस्तार गरी घेरबार संरक्षण भएको हुनेछ ।<br>• ९ वटा वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन भएको हुनेछ ।<br>• गाउँपालिकामा चार वटा (फर्निचर) उद्योगहरुको स्थापना भई | • जिल्ला वन कार्यालय, विभिन्न संघसंस्थाहरुको प्रतिवेदन<br>• सामुदायिक तथा कबुलियती वनको रेकर्ड तथा प्रगति | जलवायु परिवर्तन)<br>• श्रोतको अभाव |

| | | | | |
|---|---|---|---|---|
| | | सञ्चालनमा आएका हुनेछन् ।<br>• ९ वटा वस्तीहरुमा बाढी, पहिरो, आगजनी र भू-क्षय नियन्त्रण र रोकथामका लागि क्रियाकलापहरु सञ्चालन भएको हुनेछन् ।<br>• ३९ वटा नर्सरीको स्थापना तथा व्यवस्थापन भई १५०,००० बिरुवा उत्पादन भएका हुनेछन् ।<br>• १५०,००० गोटा बिरुवाहरु व्यवस्थापन गरी ६० हेक्टरमा वृक्षारोपण भएको हुनेछ । | प्रतिवेदन | |
| गैह्रकाष्ठ वन पैदावार | • सुगन्धवाल, गुच्चीच्याउ, रातो च्याउ, सिल्पाडी पाखनवेद, चिराईतो, केतुकी, जैतुन, संजिवनी, ढटेलो जस्ता गैरकाष्ठ वन पैदावारको उत्पादन<br>• निजी गैरकाष्ठ वनपैदावारकोखेती गर्ने घरधुरी छैन | सामुदायिक वन तथा कबुलियती वन विकासका माध्यमवाट गैह्रकाष्ठ वन पैदावारको संरक्षण गर्ने<br>• बहुमूल्य जडिबुटी (सुगन्धवाल, गुच्चीच्याउ, रातो च्याउ, सिल्पाडी पाखनवेद, चिराईतो, केतुकी, जैतुन, संजिवनी, ढटेलोको दीगो सङ्कलन र संरक्षण एवं बजार व्यवस्थापन गर्न १०० घ.धु.ले तालिम प्राप्त गरेका हुनेछन् ।<br>• १०० घ.धु.ले वार्षिक १५ मे.टन गैह्रकाष्ठ वन पैदावारको दीगो सङ्कलन गरी बिक्री वितरण गरेका हुनेछन् । | • | |
| २. सामाजिक विकास क्षेत्र | | | • | |
| उद्देश्यः सामुदायिक पूर्वाधार र गुणस्तरीय शिक्षा, स्वास्थ्य सरसफाइका क्रियालापहरुमा समुदायको पहुँच बृद्धि गर्ने । | | | | |
| २.१ साक्षरता र गुणस्तरीय शिक्षा | साक्षरता : ६२.४८%<br>• औपचारिक शिक्षामा भर्ना दर : ९० %<br>• छात्र : ……. जना<br>• छात्रा : ….. जना<br>• व्यवसायिक शिक्षा : छैन<br>• साक्षरता कक्षा : १५ वटा<br>• विद्यालय : ६ वटा | विद्यालय भर्नादर छात्र, छात्राको ९० % बाट १०० मा पुर्‍याउने ।<br>• गाउँपालिका को साक्षरता ६२.४८ % बाट थप ३७ प्रतिशत वृद्धि गरी १००% मा पुर्‍याउने ।<br>• रिफ्लेक्ट कक्षा, सहभागितात्मक सिकाई केन्द्र आदिबाट साक्षरतामा वृद्धि भएको हुनेछ ।<br>• .. वटा विद्यालयमा पठन पाठनमा सुधार आएको हुनेछ ।<br>• थप ३ वटा पक्की भवन निर्माण भई सञ्चालनमा आएका हुनेछन्<br>• गाउँपालिकामा साक्षरता कक्षा सञ्चालनमा आएका हुनेछन् । | • गाउँपालिका जिल्ला शिक्षा कार्यालय, विद्यालयहरु, संघ संस्थाहरुको प्रतिवेदन | श्रोतको अभाव<br>• राजनितिक हस्तक्षेप |

| | | | | |
|---|---|---|---|---|
| | **गुणस्तरीय शिक्षा**<br>• बाल विकास केन्द्र छैन<br>• शिक्षक/ शिक्षिका : १५ जना<br>• विद्यालय पूर्वाधार (भवन ६ वटा<br>• शौचालय, खेल मैदान समेत) १५ वटा कक्षाकोठा<br>• शैक्षिक सामग्रीः अपर्याप्त<br>• शैक्षिक क्यालेण्डरः छ<br>• बालमैत्री शिक्षा पूर्ण नभएको<br>• फरक क्षमता भएका नागरिकमैत्री शिक्षाको अपर्याप्तता | शैक्षिक क्यालेण्डर निर्माण र प्रयोग, बालमैत्री शिक्षाको व्यवस्था, फरक क्षमता भएका नागरिक मैत्री शिक्षाको व्यवस्था, विद्यालय व्यवस्थापन समितिको सक्रियता ( समिति गठन, नियमित वैठक, अनुगमन र अन्तरक्रिया, सामाजिक परिक्षण, वार्षिक भेला, आम्दानी खर्चको कम्तिमा वर्ष एक पटक सार्वजनिकिकरण) भएको हुनेछ ।<br>• हालका वालविकास केन्द्रमा सामाग्रीहरुको व्यवस्थापन भई बाल सुलभ क्रियाकलापहरु सञ्चालनमा आएका हुनेछन् ।<br>• हालको शिक्षक शिक्षिकाको संख्यामा थप शिक्षक शिक्षिकाको थप व्यवस्थापन भई पठन पाठनमा सुधार आएको हुनेछ ।<br>• ४ वटा विद्यालयमा पक्की भवन, ३० कोठा मर्मत निर्माण,१ वटा बालमैत्री खानेपानी शौचालय निर्माण, थप फर्निचर (डेस्क बेञ्च) को व्यवस्थागरी गुणस्तरीय शिक्षा र बालमैत्रीक्रियाकलाप सञ्चालन भएको हुनेछ । | • | |
| २.२ स्वास्थ्य | | | | |
| एकिकृत स्वास्थ्य सेवामा पहुँच र गुणस्तरिय सेवा | उपस्वास्थ्य चौकी भवन एक वटा<br>• तालिम प्राप्त स्वास्थ्यकर्मी १ जना (निजी किल्निक)<br>• औषधि उपकरण उपलब्धता पर्याप्त नभएको<br>• राष्ट्रिय अभियानका कार्यक्रम नियमित सञ्चालन भएको<br>• बाल मृत्यु दरः ३२ जना<br>• मातृ मृत्यु दरः २८ जना कुपोषणः १२० जना<br>• औषत आयुः ५८ वर्ष<br>• पाठेघर खस्ने समस्याः८९ | शिशु तथा बालमृत्युदर ३२ जना प्रति हजारबाट शतप्रतिशत घटाउने ।<br>• मातृमृत्यु दर २८ जना प्रति हजारबाट शतप्रतिशत घटाउने ।<br>• कुपोषित आमा र बालबालिकाको संख्या १२० बाट शतप्रतिशत घटाउने ।<br>• औषत आयु ५८ वर्षबाट बढाउने ।<br>• एक वटा उप स्वास्थ्य चौकी निर्माण तथा व्यवस्थापन भई कार्यान्वयनमा आएको हुनेछ ।<br>• थप छ वटा गाउँ घर क्लिनिक व्यवस्थापन गरी प्रत्येक वडामा गाउँघर क्लिनिक सञ्चालनमा आएका हुनेछन् ।<br>• दुई वटा प्रसुती गृहको निर्माण तथा सामग्रीको व्यवस्थापन भई सेवामा प्रभावकारीता आएको हुनेछ ।<br>• गाउँपालिकाका ११०४ घरधुरीले सर्वसूलभ तरिकाले एकिकृत स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन् । | • जिल्ला स्वास्थ्य कार्यालय, संघ संस्थाहरुको प्रतिवेदन । | श्रोतको अभाव<br>• रोगको महामारी |

| | | | | |
|---|---|---|---|---|
| | जना<br>● औषधी पसल : छैन | ● उप स्वास्थ्य चौकीमा एक जना स्वास्थ्य सहायक ( एच.ए.), अहेब तीन जना, अनमी दुई जना र परिचर दुई जना थप गरी स्वास्थ्य सेवा प्रवाहमा थप सुधार आएको हुनेछ ।<br>●१००% महिलाहरुले प्रजनन् सेवा र शतप्रतिशत बालबालिकाहरुले सबै किसिमका खोपहरु प्राप्त गरेका हुनेछन्<br>● गाउँपालिकामा राष्ट्रिय अभियानका कार्यक्रमहरु नियमित रुपमा सञ्चालनमा आएको हुनेछ ।<br>● पाठेघर खस्ने समस्या भएका महिलाका लागि कम्तिमा एउटा शिविर संचालन भएको हुनेछ । | | |
| स्वच्छ खानेपानीको पहुँच र पूर्ण सरसफाई | ३२ वटा पाईप धाराबाट २८२ घरधुरीलाई खानेपानीको सिमित उपलब्धता र जीर्ण रहेको<br>● ढुङ्गे धारा ९ वटा (संरक्षण व्यवस्थित नभएको)<br>सरसफाई (शौचालय निर्माण, व्यक्तिगत तथा वातावरणीय सरसफाई)<br>११०४ घरधुरीले शौचालय प्रयोग गरेको<br>● सार्वजनिक शौचालय : छैन<br>चेतनामूलक कार्यक्रमहरु सिमित मात्रामा | थप पाँच वटा खानेपानी योजना सञ्चालन गरी थप १८ धाराहरुबाट थप २८२ घरधुरीलाई स्वच्छ खानेपानीको व्यवस्थापन भएको हुनेछ ।<br>●१२ वटा खानेपानी धाराको मर्मत सम्भार भई प्रयोगमा आएका हुनेछन् ।<br>● गाउँपालिकाका ९ वटा ढुङ्गे धारा, पँधेराको व्यवस्थापन र मर्मत सम्भार भई प्रयोगमा आएका हुनेछन् ।<br>● गाउँपालिकामा तीन वटा सार्वजनिक शौचालयहरु निर्माण भई प्रयोगमा आएका हुनेछन् ।<br>● गाउँपालिकामा सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनुका साथै फोहोर व्यवस्थापनका लागि ११४ वटा फोहोर संकलन खाडलको व्यवस्थापन भई प्रयोगमा आएका हुनेछन् ।<br>● गाउँपालिकामा २० पटक सरसफाई सम्बन्धी सचेतना गतिविधिहरु सञ्चालन भएका हुनेछन् । | ● गाविसको रेकर्ड , जि.खा.पा.का.,संघ संस्थाहरुको प्रतिवेदन | श्रोतको अभाव<br>● ठूला योजनाहरु समयभित्र सम्पन्न हुन कठिन हुन |
| २.३ महिला, बालबालिका, फरक क्षमता भएका, जेष्ठ नागरिक, एकल महिला, विपन्न वर्ग | | | | |
| सशक्तिकरण, पहुँच र नियन्त्रण | ***<u>महिला केन्द्रित</u>***<br>● सहभागिता (सेवा, सुविधामा पहुँच र निर्णय प्रक्रिया)<br>● महिला हिंसा, कुरिति | विभिन्न संघ संस्थाहरुको समन्वयमा ५५० जना महिला तथा पिछडिएका वर्गहरुलाई नेतृत्व विकास र विभिन्न तालिमहरु दिई क्षमता विकास गरिएको हुनेछ ।<br>●५५० जना महिला तथा पिछडिएका वर्गहरुको सशक्तिकरण भई आयआर्जन तथा सीपमूलक( सिलाई | ● गाउँपालिका, संघ संस्थाहरुको प्रतिवेदन<br>● महिला तथा बालबालिका | |

| | | | | |
|---|---|---|---|---|
| | कायमै<br>• महिला चेतना र सशक्तिकरणको कमी (२८२ घरधुरी) | कटाई, बुनाई आदि) क्रियाकलापहरुमा संलग्न भएका हुनेछन् ।<br>• २०० जना महिलाहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण तालिम सञ्चालन भएको हुनेछ ।<br>• १३ वटा बस्तीमा महिला साक्षरता कक्षा सञ्चालन भएको हुनेछ । | कार्यालय, जिल्ला स्वास्थ्य कार्यालयको अभिलेख | |
| | ***<u>बालबालिका केन्द्रित</u>***<br>• बालमैत्री स्थानीय शासन कार्यविधिमा भएका सूचकहरु आंशिक रुपमा कार्यान्वयन भएको अवस्था | ६ महिनासम्मको सवै शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् ।<br>• एक वर्ष भित्रका प्रत्येक बालबालिकाहरुले पूर्ण रुपमा (वि.सी.जी., डि.पी.टी., हेपाटाईटीस बि, दादुराको) खोप पाएका हुनेछन् ।<br>• ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामीन ए क्याप्सुल खाएका हुनेछन् ।<br>• शतपप्रतिशत गर्भवती आमाले स्वास्थ्यकर्मीवाट सुत्केरी गराएका हुनेछन् ।<br>• गर्भवती महिलाहरुले कम्तिमा प्रसुती पुर्व चार पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् ।<br>• सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ ।<br>• सवै घरधुरीका मानिसहरुले चर्पी गएपछि, खाना खानु अगाडि र बालबालिकाहरुको दिसा धोएपछि साबुन पानीले हात धुने परिपार्टीको विकास भएको हुनेछ । | • बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालयको अभिलेख | |
| | १० % बाल विवाह | सबै बालबालिकाहरुको जन्मदर्ता भएको हुनेछ ।<br>बाल विवाहको १० प्रतिशतवाट सून्य प्रतिशतमा आएको हुनेछ ।<br>• निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ ।<br>• घरपरिवार र समुदायवाट बालबालिकाका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्य योजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ ।<br>• बाल संरक्षण सम्वन्धि समुदायमा आधारित बाल संरक्षण | • बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालयको अभिलेख | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रणालीलाई सञ्चालनमा ल्याईएको हुनेछ । | | |
| | | ४ वर्षसम्मका बालबालिकाहरु प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका हुनेछन् ।<br>• कक्षा १ को लागि विद्यालय जाने उमेर समुहका शतप्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन् ।<br>• ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरुले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् ।<br>• औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ ।<br>• प्रत्येक विद्यालयमा छात्रछात्राकालागि अलग-अलग शौचालयको व्यवस्था भएको हुनेछ ।<br>• प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | • बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालयको अभिलेख | |
